सर्वोच्च अदालत, संयुक्त इजलास

सम्माननीय कायम मुकायम प्रधान न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री श्रीकान्त पौडेल

संक्षिप्त आदेश

०८२-WH-०२२५

विषयः- बन्दीप्रत्यक्षीकरण।

हाल केन्द्रीय अनुसन्धान ब्यूरोमा थुनामा रहेका दिपक खड्काको हकमा निजकी श्रीमती विनिता थापा.......................................................................१ निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत...............१ प्रत्यर्थी

यस अदालतको मिति २०८३।०१।०२ को आदेशानुसार पेश हुन आएको प्रस्तुत रिट निवेदनसहितको मिसिल संलग्न कागजातहरू अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री सुशिल कुमार पन्त, श्री शम्भु थापा, श्री सतिशकृष्ण खरेल, श्री उपेन्द्रकेशरी न्यौपाने, श्री एगराज पोखरेल, श्री योगेन्द्र अधिकारी, विद्वान् अधिवक्ताहरू श्री प्रकाश रेग्मी र श्री कीर्तिनाथ शर्मा पौडेल, विपक्षी तर्फबाट उपस्थित विद्वान् नायव महान्यायाधिवक्ताद्वय श्री खेमराज ज्ञवाली, श्री उद्धव पुडासैनी र विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पङ्गेनीले गर्नुभएको बहससमेत सुनियो।

यसमा, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को अनुसूची बमोजिमको सम्बद्ध कसूरको अभावमा पक्राउ गर्न नमिल्ने अवस्थामा विपक्षीहरूले प्रतिशोध राखी मेरो श्रीमानलाई पक्राउ गरी थुनामा राखेको, सम्बद्ध कसूर भ्रष्टाचार हो भने सो सम्बन्धमा संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिरहेको र मेरो श्रीमान् आयोगमा तारेखमा रहेको अवस्थासमेत हुँदा मिति २०८२।१२।१५ मा मेरो श्रीमानलाई गैरकानूनी रुपमा पक्राउ गरिएको जरुरी पक्राउ पूर्जी, पक्राउ पूर्जी र मिति २०८२।१२।१६ मा काठमाडौं जिल्ला अदालतले ७ दिन म्याद थपको अनुमति दिने गरी भएको आदेशले नेपालको संविधान तथा प्रचलित कानून प्रदत्त वैयक्तिक हक अधिकार कुण्ठित

भएको हुँदा उल्लिखित मितिका जरुरी पक्राउ पूर्जी, पक्राउ पूर्जी र म्याद थप सम्बन्धी आदेश उत्प्रेषणको आदेशले बदर गरी मेरो श्रीमानलाई गैरकानूनी थुनाबाट मुक्त गरी पाउन बन्दीप्रत्यक्षीकरण लगायत उपयुक्त आदेश जारी गरी पाउँ भन्ने निवेदन दाबी रहेको देखिन्छ।

मिति २०८२।०५।२३ र २४ गते भएको जेन्जी आन्दोलनको क्रममा निवेदक समेतको निवासमा ठुलो परिणाममा विदेशी मुद्रासमेत नष्ट भएको र सो रकम गैहकानूनी तरिकाले आर्जन गरेको हुन सक्ने भन्ने आधारमा निवेदक माथी मिति २०८२।०६।०५ मा सम्पत्ति शुद्धीकरणको अनुसन्धान सुरुवात गरिएकोमा मिति २०८२।०७।१८ मा संयुक्त अनुसन्धान टोली गठन गरिएको देखियो। सोही दौरान निवेदकलाई उपस्थित गराई सहयोग गरिदिन सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोमा मिति २०८२।१२।१५ को च.नं. १४३ बाट पक्राउ पूर्जी जारी गरिएकोमा मिति २०८२।१२।१५ मा प्रहरी प्रधान कार्यालयबाट केन्द्रीय अनुसन्धान ब्यूरो (CIB) ले जरुरी पक्राउ पूर्जी जारी गरिएको देखियो। सो पक्राउ पूर्जी काठमाडौं जिल्ला अदालतबाट स्वीकृति गरे लगत्तै मिति २०८२।१२।१५ गते ७ दिन हिरासतमा राखी अनुसन्धान गर्न अनुमति दिइएको देखियो। दोस्रो पटक, मिति २०८२।१२।२२ देखि ७ दिनको निमित्त पुनः म्याद थप गरिएको देखियो। निवेदकउपरको जरुरी पक्राउ पूर्जी सम्पत्ति शुद्धीकरणबाट जारी नभई केन्द्रीय अनुसन्धान ब्यूरोबाट मात्र जारी गरिएको देखियो। निवेदकलाई जरुरी पक्राउ पूर्जी जारी गरी पक्राउ गर्नु पर्ने अवस्था र आधार कारण पक्राउ पूर्जीमा रहे भएको देखिएन। जरुरी पक्राउ पूर्जी जारी गर्न पाउनुको अर्थ सबै अवस्थामा प्रयोग गर्न पाउने नभई अत्यन्त आवश्यक अवस्थामा मात्र दिन पाउने विधिशास्त्रीय मान्यता हो। निवेदक भागी जाने, प्रमाण नष्ट गर्ने अवस्थामा मात्र यस्तो पूर्जी जारी हुनुपर्दछ। सो अवस्था र आधार कारणको सुनिश्चितता भएमा मात्र सोही दफाको उपदफा (७) बमोजिम जरुरी पक्राउ पूर्जी अदालतबाट स्वीकृति गर्नु पर्नेमा अदालतबाट यसरी पक्राउ पूर्जी समर्थन गर्दा सो अवस्था रहेभएको देखिएन।

साथै सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०८१ को नियम ३८ को (६) बमोजिम तयार पारी विभागका प्रमुखसमक्ष मिति २०८२।१२।२७ मा पेश गरिएको प्रारम्भिक जाँचबुझ प्रतिवेदनमा "**आरोपी दिपक खड्काको नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग सि.आर.एस. शाखा नक्साल काठमाडौंबाट प्राप्त विवरण अनुसार निजको व्यक्तिगत आपराधिक गतिविधि सम्बन्धी कुनै पनि प्रतिकूल अभिलेख नदेखिएको भनी लेखी आएको हुँदा हाल सम्बद्ध कसूर पहिचान हुन सकेन**" भनी प्रतिवेदन पेश

भएको देखिन्छ। सो कारणबाट उक्त विभागबाट मिति २०८२।१२।३० पछि थुनामा राखी म्याद थप गर्न माग गरेको नदेखिएबाट निवेदक सम्पत्ति शुद्धीकरणको अनुसन्धानमा विभागको हिरासतमा रहे भएको देखिएन।

जहाँसम्म उक्त प्रतिवेदनमा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २८ को उपदफा (६) बमोजिम विस्तृत अनुसन्धान गर्न आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा पठाउने निर्णय भएको देखियो। सो अनुसारको मानिस सहित उपस्थित गराइएको मिसिल मिति २०८२।१२।३० मा मात्र आन्तरिक राजस्व विभागमा बुझाइएको देखियो। मिति २०८२।१२।३० मा मिति २०८२।१२।२९ गतेदेखि लागू हुने गरी तेस्रो पटक हिरासतमा राख्न म्याद थपको निमित्त राजस्व अनुसन्धान विभागले ललितपुर जिल्ला अदालतलाई अनुरोध गरेकोमा सो अदालतबाट मिति २०८२।१२।२९ देखि लागू हुने गरी तेस्रोपटक ३ दिन म्याद थप गरिएको र पुनः मिति २०८३।०१।०२ गते १(एक) दिनको निमित्त म्याद थप गरिदिएको देखियो। मिति २०८३।०१।०२ को यस अदालतको आदेशानुसार राजस्व अनुसन्धान विभाग तथा ललितपुर जिल्ला अदालतबाट आएको लिखित जवाफ र मिसिल प्रमाणको मूल्याङ्कन गर्दा, निवेदकलाई मिति २०८२।१२।३० मा राजस्व अनुसन्धान विभागले हिरासतमा राख्दा निवेदकलाई पक्राउ पूर्जी दिएको नदेखिएको, ललितपुर जिल्ला अदालतबाट निवेदकलाई मिति २०८२।१२।३० मा म्याद थप गर्दा निवेदकलाई मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित नगराएको, सो सम्बन्धमा जानकारी समेत नदिएको एवं मिति २०८२।१२।३० र मिति २०८३।०१।०२ मा समेत निवेदकलाई हिरासतमा राख्न अनुमति दिंदा हिरासतमा नै राखी अनुसन्धान गर्नुपर्ने आधार र कारण आदेशमा उल्लेख नगरेको, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ८ बमोजिमको प्रारम्भिक अनुसन्धान वा दफा ७(क) बमोजिम आकस्मिक जाँच परीक्षण भएको अवस्थाहरू पनिं नदेखिएको, सोही ऐनको दफा ९ बमोजिम आजसम्म निवेदकको बयान समेत लिई नसकेको र सोही ऐनको दफा १३ बमोजिम निवेदक उक्त ऐन अन्तर्गत पक्राउ परेको अवस्था पनि देखिएन।

निवेदक बन्दीलाई सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट तयार गरिएको प्रतिवेदनलाई दफा २८ को उपदफा (६) बमोजिम विस्तृत अनुसन्धान गर्नसम्म पठाइएको र सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २८ को उपदफा (६)

ले सम्पत्तिको स्रोत खुलाउन नसकेको हदसम्म आन्तरिक राजस्व विभागले कर निर्धारण गरी उपदफा (७) बमोजिम असूल गर्न सक्ने कर असूल गर्न सक्ने देखिन्छ।

निवेदकउपर हाल अनुसन्धान भएको राजस्वसम्बन्धी कसूर राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को २०८१ को संशोधनले थप गरेको दफा २४क. ले यस ऐन अन्तर्गतको मुद्दामा प्रतिवादीले बिगो र लाग्ने जरिवाना भुक्तानी गरी मिलापत्र गरी पाउँ भनी निवेदन दिएमा त्यस्तो मुद्दामा मिलापत्र हुनसक्ने देखिन्छ।

माथि प्रकरण प्रकरणमा उल्लेख गरेको आधार, कारण तथा मिसिल संलग्न प्रमाणको विवेचना गर्दा तथा यस अदालतबाट ने.का.प. २०७७ नि.नं. १०५०४, ०७६-WH-०१८३, ०७७-WH-०२१८, ०७७-WH-०००७, ने.का.प. २०७७ नि.नं. ९७४४, ०७०-WH-००६२ मा प्रतिपादित सिद्धान्त समेतको आधारमा निवेदकलाई हिरासतमा राख्दा उचित विधि र प्रक्रिया (Due process of law) पूरा गरेको देखिएन। निजको पक्राउ पूर्जी र म्याद थप कानूनसंगत देखिएन। निज माथिको दाबीको कसूरको अनुसन्धान हिरासत बाहिर बसेर नै हुन सक्ने प्रकृतिको देखिंदा सम्बन्धित अदालतबाट अनुमति लिई मात्र निवेदकलाई विदेश जान दिनू र निजलाई तत्काल थुनामुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ। प्रस्तुत आदेशको पूर्णपाठ तयार गर्न समय लाग्ने भएकोले यो संक्षिप्त आदेश जारी गरिदिएको छ।

न्यायाधीश

का.मु. प्रधान न्यायाधीश

इति संवत् २०८३ साल वैशाख ३ गते रोज ५ शुभम् ........................................।